# <u>सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२</u>

सवारी साधन सुविधा प्राप्त गर्ने राजपत्राङ्कित विशिष्ट श्रेणी तथा प्रथम श्रेणीका पदाधिकारीलाई परिवहनका लागि प्राप्त हुने सवारी साधनका लागि आवश्यक पर्ने इन्धन, मर्मत र सवारी चालक खर्च मासिकरुपमा एकमुष्ठ उपलब्ध गराई सवारी साधनको सञ्चालन तथा मर्मतको व्यवस्था गर्न, त्यस्तो सवारी साधनप्रतिअपनत्वको भावना विकासगरी मर्मत, इन्धन एवं अन्य सञ्चालन खर्चहरु मितव्ययिताका साथ निर्धारित सीमाभित्र राखी पारदर्शिता र जवाफदेहिताको अवस्था सिर्जना गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५को अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका नेपाल सरकारका केन्द्रीयस्तरका निकायहरुमा लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "केन्द्रीयस्तरका निकाय" भन्नाले निर्देशिका लागू भएका नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालय तथा अन्य केन्द्रीयस्तरका निकायहरु समेतलाई सम्झनु पर्दछ ।

(ख) "नयाँ सवारी साधन" भन्नाले तीन वर्ष पुरा नभएका र राम्रो अवस्थामा सञ्चालनमा रहेका सवारी साधन सम्झनु पर्दछ ।

(ग) "सवारी साधनको सुविधा पाएका पदाधिकारी" भन्नाले केन्द्रीय निकायका नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणीका पदाधिकारीलाई सम्झनु पर्दछ ।

३. **<u>सवारी साधन उपलब्ध गराउनेः</u>** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनहरु उपलब्ध गराउँदा नयाँ वा चालु अवस्थामा रहेको सवारी साधन उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम नयाँ सवारी साधनहरू उपलब्ध गराउँदा विशिष्ट श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा १३०० सि.सि. वा जीप भए कम्तीमा

2000 सि.सि. र रा.प.प्रथम श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा १००० सि.सि. वा जीप भए कम्तीमा 2000 सि.सि. क्षमताको सवारी साधन उपलब्ध गराइनेछ ।

(३) सवारी साधनको सुविधा पाएका पदाधिकारीले आफूले प्रयोग गरी आएको सवारी साधन अन्यत्र सरुवा भई जाँदा लिएर जानु पर्नेछ । केन्द्रीयस्तरका निकायबाट क्षेत्रीय वा स्थानीय स्तरकार क्षेत्र वा स्थानीय निकायबाट केन्द्रीय निकायमा सरुवा हुँदा यो व्यवस्था अनिवार्य रुपमा लागू हुने छैन ।

(४) सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनको आवश्यक प्रबन्ध सम्बन्धित निकायले मिलाउनु पर्नेछ ।

४. **सुविधाको भुक्तानी**: (१) सवारी साधनको सुविधा पाएका पदाधिकारीलाई यस निर्देशिकामा तोकिए बमोजिम सवारी चालकको पारिश्रमिक, सवारी साधन मर्मत, इन्धन एवं अन्य सञ्चालन खर्चहरु मासिक पारिश्रमिक भुक्तानी हुँदाका बखत एकमुष्ठ भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका सुविधा बापत प्राप्त गर्ने डिजेल/पेट्रोल/लुब्रिकेन्ट,चालक खर्च तथा मर्मत खर्चको बिल पेश गर्नुपर्ने छैन ।

५. **चालक सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका पदाधिकारीलाई तृतीय तहका हलुका सवारी चालकले प्राप्त गर्ने शुरु तलब स्केलको रकम उपलब्ध गराइनेछ ।

(२) स्थायी सवारी चालकको दरबन्दी जुनसुकै तरिकाले रिक्त भएमा त्यस्तो रिक्त पद स्वतः खारेज हुनेछ ।

(३) यो निर्देशिका लागू भएपश्चात केन्द्रीयस्तरका निकायहरुका सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीको लागि सवारी चालकको नयाँ दरबन्दी सिर्जना गरिने छैन।

(४) यो निर्देशिका लागू भएपश्चात केन्द्रीयस्तरका निकायहरुका सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले सवारी चालकको प्रबन्ध आफैले गर्नु पर्नेछ । यसरी प्रबन्ध गर्दा सरकारबाट प्राप्त भएको रकम भन्दा कम पारिश्रमिकमा काम लगाउन पाइने छैन ।

तर आंशिकरुपमा काम लगाउने गरी कसैलाई सवारी चालकमा काम लगाउन बाधा पर्ने छैन ।

(५) दफा ४ बमोजिमको सुविधा प्रदान गर्ने निकायले करार वा अन्य कुनै उपायबाट सवारी चालक नियुक्त गर्न पाउने छैन ।

६. **इन्धन सुविधाः** (१) प्रयोगमा रहेको सवारी साधनमा पेट्रोल वा डिजेल जे खपत हुने भए पनि यस निर्देशिका बमोजिम मासिक रुपमा विशिष्ट श्रेणीलाई १२५ लिटर

पेट्रोलको प्रचलित बजार दर अनुसारको हुने रकमर रा.प.प्रथम श्रेणीका पदाधिकारीलाई १०० लिटर पेट्रोलको प्रचलित बजार दर अनुसार रकम उपलब्ध गराइनेछ ।

(२) सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई मोबिल/ब्रेक आयलको लागि वार्षिक बीस लिटरको प्रचलित बजार दर अनुसारको रकम दामासाहीमा चौमासिकरुपमा उपलब्ध गराइनेछ ।

७. **<u>थप इन्धन सुविधाः</u>** (१) सरकारी कामको सिलसिलामा सवारी साधनसहित उपत्यका बाहेकका अन्य जिल्लाका स्थानवा कार्यालयमा भ्रमण गर्नुपर्ने भई दफा ६ बमोजिम तोकिएको इन्धन बराबरको रकमले नपुग्ने भएमा सो को कारण खुलाई थप इन्धनको लागि रकम माग गरेमा एक तह माथिको अधिकृतबाट स्वीकृत गराई कार्यालयले इन्धन बापतको रकम उपलब्ध गराउन सक्नेछ ।

(२) सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीले सरकारी कामको सिलसिलामा वा अन्य कुनै सरकारी कार्यक्रममा अनुगमनमा जानुपरेमा सम्बन्धित निकायले आवश्यकता बमोजिम थप सरकारी सवारी साधन र इन्धनको व्यवस्था गर्नेछ ।

८. **<u>मर्मत संभारको रकमः</u>** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले नयाँ सवारी साधन प्राप्त गरेको भए तीन वर्षसम्म मासिक रु. ५,००० मर्मत संभारको लागि रकम उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि तीन वर्षभन्दा पुराना सवारी साधनहरु प्रयोग गर्ने विशिष्ट श्रेणीका पदाधिकारीलाई मासिक रु. १०,००० र प्रथम श्रेणीका पदाधिकारीलाई सवारी साधन मर्मत संभारका लागि मासिक रकम रु. 7,००० उपलब्ध गराइनेछ।

९. **<u>बीमा गराउनु पर्नेः</u>** (१) कार्यालयको नाममा रहेका सबैसवारी साधनहरुको हरेक वर्ष बीमा र तेस्रो पक्षको बीमा सम्बन्धित कार्यालयले गराउनेछ ।

(२) उपदफा (१) बमोजिम बीमा गरेको जानकारी सम्बन्धित सवारी साधन प्रयोगकर्तालाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **<u>तालिम तथा नवीकरण दस्तुर सम्बन्धमाः</u>** सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई आफैं सवारी साधन चलाउन सक्षम बनाउन आवश्यक पर्ने तालिम खर्च र कार्यालयको नाममा रहेका सबै सवारी साधनहरुको ब्लूबुक नवीकरण, लगायतका सबै खर्चको भुक्तानी सम्बन्धित निकायबाट हुनेछ ।

**११.** **<u>काबु बाहिरको परिस्थितिः</u>** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले सवारी साधनको पूर्ण सावधानी अपनाउँदा अपनाउँदै आकस्मिकरुपमा दुर्घटना भई सवारी साधनमा क्षति भएमा बीमा कम्पनीसँग दाबी गरी मर्मत गराउने कार्य सम्बन्धित निकायले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा दुर्घटनामा परी क्षति भई मर्मत गर्नुपर्दा सो अवधिको लागि वैकल्पिक व्यवस्था कार्यालयले गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियमित मर्मत सम्भार अवधिका लागि कुनै वैकल्पिक ब्यवस्था गरिनेछैन ।

**१२.** **<u>स्वेच्छिक रुपमा लागू हुने</u>:** प्रचलित कानून अनुसार हाल सवारी साधन सुविधा प्राप्त गरिरहेका विशिष्ट तथा प्रथम श्रेणीका पदाधिकारीले स्वेच्छिक रुपमा यो निर्देशिका अनुसार सवारी साधन तथा अन्य सुविधा प्राप्त गर्न सक्नेछ ।

**१३.** **<u>प्रतिबन्ध</u>:** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने निकायका पदाधिकारीले सुविधाको सवारी साधनबाहेक आफू कार्यरत वा अन्य निकायको थप सवारी साधन माग तथा प्रयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) विपरित कार्य गरेमा सम्बन्धित पदाधिकारीले अनियमितता गरेको मानिनेछ।

**१४.** **<u>बाधा अड्काउ फुकाउः</u>** निर्देशिकाको कार्यान्वयनगर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार नेपाल सरकारका मुख्य सचिवमा रहनेछ ।

मितिः २०७२।४।२२